प्रदेश सरकार

पर्यटन, वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

# डिभिजन वन कार्यालय खोटाङ

कोशी प्रदेश (नेपाल)

## नागरिक वडा-पत्र

| सि. नं. | कार्यालयले प्रदान गर्ने सेवाहरू | सेवा प्राप्त गर्ने प्रक्रिया | लाग्ने दस्तुर (रू.) | सेवा प्राप्त गर्न लाग्ने समय | सेवा दिने जिम्मेवार शाखा | सेवा प्राप्त गर्न कुनै समस्या वा ढिलासुस्ती भएमा सम्पर्क गर्ने |
|---|---|---|---|---|---|---|
| १ | सामुदायिक वन उपभोक्ता समूह गठन र विधान दर्ता | इच्छुक स्थानिय वन उपभोक्ताहरूले समूह गठन गरी वन नियमावली, २०७९ को अनुसूची-१९ मा उल्लेखित विषय समावेश भएको विधान तयार गरी आमसभाबाट पारीत गरेर सोको निर्णय सहित उल्लेखित नियमावलीको अनुसूची-२० बमोजिमको ढाँचाको निवेदन सम्बन्धित सव-डिभिजन वन कार्यालय मार्फत पेश गर्नु पर्ने । | प्रमाण-पत्र वापत रू. १००।- | आवश्यक कागजातहरू सहित पेश हुन आएको भए सकेसम्म छिटो | योजना शाखा | डिभिजनल वन अधिकृत/सूचना अधिकारी |
| २ | सामुदायिक वनको कार्ययोजना तर्जुमा र वन हस्तान्तरण | सि. नं. १ बमोजिम दर्ता भएको समूहले राष्ट्रिय वनको कुनै भागलाई सामुदायिक वनको रूपमा व्यवस्थापन गर्न चाहेमा वन नियमावली, २०७९ को अनुसूची-२३ बमोजिमको ढाँचामा निवेदन दिने । सहभागितामुलक विधिबाट दिगो वन व्यवस्थापनका प्रावधान साथै उक्त नियमावलीको अनुसूची-२४ मा उल्लेखित बिषय समावेश गरी तयार भएको कार्ययोजना साधारण सभाबाट पारित गराएर स्थानिय निकायको सिफारिस साथ सम्बन्धित सव-डिभिजन वन कार्यालय मार्फत पेश गर्नु पर्ने । | कोशी प्रदेश वन नियमावली, २०८० नियम ५९(१०) बमोजिम रू. १००।- | आवश्यक कागजातहरू सहित पेश हुन आएको भए सकेसम्म छिटो | योजना शाखा | डिभिजनल वन अधिकृत/सूचना अधिकारी |
| ३ | सामुदायिक वनको वन पैदावार सदुपयोग | आन्तरिक खपतः- स्वीकृत वन व्यवस्थापन कार्ययोजनाको परिधिभित्र रहि उपभोक्ताहरूको माग सङ्कलन, समूहको निर्णय प्रतिलिपी सहित सम्बन्धित सव-डिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालयमा निवेदन पेश गर्नु पर्ने ।<br>वाह्य विक्रिवितरणः- स्वीकृत वन व्यवस्थापन कार्ययोजनाको परिधिभित्र रहि समूहको निर्णय प्रतिलिपी र सम्बन्धित सव-डिभिजन वन कार्यालयको सिफारिस सहित तोकिएको ढाँचामा निवेदन पेश गर्नु पर्ने | आन्तरिक खपतमा समूहको नियम बमोजिम र वाह्य विक्रिवितरणको लागि मू.अ.कर वापत १३% | फिल्ड कार्य समाप्त भई पेश भएको ७ दिन पत्र | योजना शाखा | डिभिजनल वन अधिकृत/सूचना अधिकारी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | गरिवीको रेखामुनि रहेको समुदायको लागि कबुलियती वन हस्तान्तरण | गरिवीको रेखामुनि रहेका समुदायले १-१५ घरधुरीको समूह गठन गरी आफुले व्यवस्थापन गर्न चाहेको वन क्षेत्रको चारकिल्ला र क्षेत्रफल सहितको विवरण खुलाई प्रचलित ऐन नियम, निर्देशिकाहरूको अधिनमा रहि वन प्राविधिकको सहयोगमा कार्ययोजना तयार गरी सम्बन्धित स्थानिय तहको सिफारिस र सब-डिभिजन वन कार्यालयको राय सहित पेश गर्नु पर्ने । | दस्तुर नलाग्ने | आवश्यक कागजात सहित पेश हुन आएको १५ दिन भित्र | योजना शाखा | डिभिजनल वन अधिकृत/सूचना अधिकारी |
| ५ | सामुदायिक वन र कबुलियती वनको वन व्यवस्थापन कार्ययोजना नविकरण | कार्ययोजनाको म्याद सकिएका सामुदायिक वन उपभोक्ता समूह वा कबुलियती वन समूहले वन प्राविधिकको सहयोगमा नयाँ कार्ययोजना तयार गरी समूहको आमसभाबाट अनुमोदन भएको निर्णय सहित सम्बन्धित सब-डिभिजन वन कार्यालयको सिफारिस सहित पेश गर्नु पर्ने । | दस्तुर नलाग्ने | आवश्यक कागजात सहित पेश हुन आएकोमा सकेसम्म छिटो | योजना शाखा | डिभिजनल वन अधिकृत/सूचना अधिकारी |
| ६ | धार्मिक वन हस्तान्तण | प्रचलित ऐन नियम बमोजिम दर्ता भएका धार्मिक निकाय, समूह वा समुदायले संरक्षण गर्न चाहेको परापूर्व कालदेखिको धार्मिकस्थल र त्यस वरिपरिको वनको चारकिल्ला र क्षेत्रफल खुलाई सम्बन्धित स्थानिय तह र सब-डिभिजन वन कार्यालयको सिफारिससाथ पेश गर्नु पर्ने । | कोशी प्रदेश वन नियमावली, २०८० नियम ८१(३) बमोजिम रू. ५००।- | आवश्यक कागजात सहित पेश हुन आएकोमा सकेसम्म छिटो | योजना शाखा | डिभिजनल वन अधिकृत/सूचना अधिकारी |
| ७ | निजी वन दर्ताको लागि प्राविधिक सहयोग | निजी वन दर्ता गर्न चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ता गराउन चाहेको निजी वनको क्षेत्रफ, रूखको प्रजाति, उमेर, संख्या खुलाई कोशी प्रदेश वन नियमावली, २०८० नियम ८६(१) बमोजिमको कागजात संलग्न गरी अनुसूची-३६ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्ने । | दस्तुर नलाग्ने | निवेदन माग भई आएको ३० दिन भित्र (कोशी प्रदेश वन नियमावली, २०८० नियम ८६(८)) । | योजना शाखा र सम्बन्धित सब-डिभिजन वन कार्यालय | डिभिजनल वन अधिकृत/सूचना अधिकारी |
| ८ | व्यवसायिक प्रयोजनको लागि निजी दर्ता जग्गाको वन पैदावार सङ्कलन, बिक्रीवितरण र ओसारपसार | निजी वन धनी वा खरिदकर्ताले निजी वनमा रहेको पच्चीस वटाभन्दा बढी संख्यामा रुख वा अन्य वन पैदावार व्यवसायिक प्रयोजनका लागि जिल्लाभित्रको एक स्थानीय तहबाट अर्को स्थानीय तहको क्षेत्रमा वा एक जिल्लाबाट अर्को जिल्लामा ओसारपसार गर्न कोशी प्रदेश वन नियमावली, २०८० नियम ८६(१) र (७) बमोजिमका कागजातहरूको प्रतिलिपि संलग्न गरी कटान र सङ्कलन गर्न चाहेको वन पैदावरको नाम र परिमाण/संख्या उल्लेख गरी अनुसूची-४१ बमोजिमको ढाँचामा सम्बन्धित सब-डिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालयमा निवेदन पेश गर्नु पर्ने । | प्रजाति अनुसार राजश्व दरको १३% मू.अ.कर र प्रदेश सेवा शुल्क | निवेदन माग भई आएको १५ दिनमा | वन व्यवस्थापन शाखा र समबन्धित सब-डिभिजन वन कार्यालय | डिभिजनल वन अधिकृत/सूचना अधिकारी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | गैह्रकाष्ठ वन पैदावार सङ्कलन र स्थानान्तरण इजाजत | सङ्कलन इजाजतको लागि वन पैदावारको जात, परिमाण र वन क्षेत्र सहितको विवरण खुलाई तोकिएको ढाँचामा निवेदन पेश गर्ने । इजाजत प्राप्त भए पछि सङ्कलन गरी तोकिएको घाटगद्दी स्थानमा राखे र सम्बन्धित सव-डिभिजन वन कार्यालयबाट जाँचबुझ मुचुल्का सहितको सिफारिस पत्र प्राप्त भए पछि स्थानान्तरण इजाजत पाउने । | वन नियमावली, २०८० मा भएको व्यवस्था बमोजिमको राजश्व दस्तुर | सम्बन्धित सव-डिभिजन वन कार्यालबाट सिफारिस भई आउनु साथ | समबन्धित सव-डिभिजन वन कार्यालय र व्यवस्थापन शाखा | डिभिजनल वन अधिकृत/सूचना अधिकारी |
| १० | वन, वन्य जीवजन्तु हानीनोक्सानी सम्बन्धि कारवारही | लिखित वा मौखिक वा अन्य तवरले समेत कुनै सूचना वा जाहेरी प्राप्त भए पश्चयात आवश्यक जाँचबुझ अनुसन्धान भई जिल्ला सरकारी वकील कार्यालयको राय निर्णय बमोजिम सम्बन्धित निकायमा अभियोजन गरिने । | दस्तुर नलाग्ने | सामान्यतया प्रतिवादी पक्राउ परेको २५ दिन भित्रमा | समबन्धित सव-डिभिजन वन कार्यालय र कर्मचारी प्रशासन शाखा अन्तर्गत मुद्दा शाखा | डिभिजनल वन अधिकृत/गुनासो सुन्ने अधिकारी |
| ११ | विरूवा वितरण (रूख तथा जडीबुटी प्रजाति) | आवश्यक पर्ने विरूवा प्रजातिको नाम, संख्या र रोपण गर्ने स्थानको विवरण उल्लेख गरी तोकिएको ढाँचामा डिभिजन वन कार्यालय वा नर्सरी भएको सव-डिभिजन वन कार्यालयमा निवेदन पेश गर्नु पर्ने । | दस्तुर नलाग्ने | निवेदन प्राप्त हुन साथ; विरूवा रोपण गरिने उपयुक्त समयमा । | सम्बन्धित सव-डिभिजन वन कार्यालय र योजना शाखा | डिभिजनल वन अधिकृत/सूचना अधिकारी |
| १२ | वन सेवा सम्बन्धि प्राविधिक सेवा | प्राविधिक सेवा आवश्यक पर्ने व्यक्ति, समूह वा निकायले आफुलाई आवश्यक परेको वनसंग सम्बन्धित प्राविधिक सेवको एकिन विवरण खुलाई निवेदन पेश गर्नु पर्ने । | दस्तुर नलाग्ने | माग भएको सेवाको प्रकृति हेरी सकेसम्म छिटो | योजना शाखा र सम्बन्धित सव-डिभिजन वन डिभिजन वन कार्यालय | डिभिजनल वन अधिकृत/सूचना अधिकारी |

| सम्पर्क नम्वर र इमेल ठेगाना | | | | |
|---|---|---|---|---|
| कार्यालय प्रमुख ⇒ | डिभिजनल वन अधिकृत उदिम प्रसाद राई | ०३६-४२०१३६ | ९८५२८४९१३४ | dfokhotang123@gmail.com |
| वन डढेलो र रेड कार्यान्वय सम्पर्क अधिकारी ⇒ | वन अधिकृत विनोद खतिवडा | | ९८५२०६५७६० | |
| गुनासो सुन्ने अधिकारी ⇒ | सहायक अधिकृत देवी प्रसाद ढुंगाना | | ९८५२८८१९४१ | |
| सूचना अधिकारी ⇒ | सहायक वन अधिकृत दिपेन्द्र प्रसाद मेहता | | ९८५२८२०८७८ | |